# जिल्ला कानूनी सहायता समिती
## रुकुम पश्चिम

पत्र संख्याः- ०८१/०८२
चलानी नं- ९४

मितिः-२०८१/१२/५ गतै

रुकुम पश्चिम जिल्ला स्थित
सवै गाउपालिका तथा नगरपालिकाहरु

विषयः- निःशुल्क कानूनी सहायता जानकारी सम्वन्धमा

प्रस्तुत विषयमा कानूनी राज्यको प्रवर्धन मानव अधिकार मौलिक हक तथा कानूनी अधिकारको संरक्षण तथा स्वच्छ एवं निस्पक्ष न्याय सम्पादा का लागी स्वतन्त्र र सक्षम न्यायपालिका स्थापना र त्यस्तो स्वच्छ सक्षम न्याय पालिका न्याय सम्पादनका लागी आधारशिलाकानून व्यवायी राख्न नसक्ने असमर्थ पक्षको पनि मुद्दामा समान प्रतिनिधित्व हुनुपर्ने मौलिक मान्यता अनुसार नेपालको संविधान २०७२ को धारा २० कोउर्पधारा १० मा असमर्थ पक्षलाइ कानून वमोजिम निशुल्क कानूनी सहायता पाउने हक हुनेछ कानूनी सहायतालाइ संवैधानिक मिक हकको रुपमा व्यवस्था गरिएको छ।कानूनी सहायता ऐन २०५४ तथा कानूनी सहायता नियमावली २०५५ले पनि कानूनी राज्यको सिद्दान्त अनुरुप सवैलाइ समान रुपमा न्याय उपलव्ध गराउन आवश्यक भएकोले आर्थिक र समाजिक कारणवाट आफ्नो कानूनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तीहरुको लागी राज्यले निःशुल्क कानूनी सहायता उपलव्ध गराउन केन्द्रमा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको माननीय कानून मन्त्रीज्युको अध्क्षतामा केन्द्रिय कानूनी सहायता समिति र प्रत्यक जिल्लामा जिल्ला सरकारी वकिल कार्यालयको जिल्ला न्यायधिवक्ताको अध्यक्षतामा जिल्ला कानूनी सहायता समिति स्थापना भएका छन। नेपालमा वसोवास गर्ने नेपाली नागरिक जस्को वार्षिक आम्दानी रु ४००००।चालिस हजार रुपैयाभन्दा कम आम्दानी छ व्यस्ता व्यक्तीहरु लैङगिक हिंसा र सशस्त्र द्वन्दवाट पिडित व्यक्तीहरु आर्थिक समाजिक शैक्षिक दृष्टिले पछाडी परेका वर्ग वा समुदाय अशक्त अपाङग

महिला  जेष्ठ नागरीक वालवालिका लगायतका व्यक्तीहरुले आफ्नो कानूनी हक   को उपचार गराउन चाहेमा जिल्ला काननूनी सहायता समिति समक्ष तोकिएको ढांचाम स्थानिय तहको सिफारिश सहित निवेदन दिन सक्नेछन ।समितिको निर्णय अनुसार असमर्थ पक्षलाइ  कानूनी राय सल्लाह  अडडा अदालतमा गरिने वहस पैरवी लेखापढी तथा कानूनी कारवाहीका सम्वन्धमा अन्य सेवारु समेत उपलव्ध गराउन सकिने छ ।असमर्थ पक्षहरुका लागी निःशुलक कानूनी सहायता पुर्याउन जिल्ला कानूनी सहायता समिति अन्तर्गत जिल्ला कानूनी सहायता अधिकारीको व्यवस्था भइ मसतस २०७९ साल  कार्तिक महिनाको १ गते देखि निशुल्क कानूनी सहायता उपलव्ध गराउदै आएको व्यहोरा पुनः जानकारी गराइन्छ साथै तहां गाउपालिका तथा नगरपालिका अन्तर्गतका सवै वडा कार्यालयहरुमा समेत लक्षित समुदायका लागी निःशुल्क कानूनी सहायता उपलव्ध सम्वन्धमा जानकारी गराइ दिन हुन सादर अनुरोध गरिन्छ

अधिवक्ताः- भुवनेश्वर उपाध्याय

जिल्ला कानूनी सहायता अधिकारी

सम्पर्क मो नं ९८०९७७११६४

९८६८९४५५५५

जिल्ला कानूनी सहायता समिती

रुकुम पश्चिम

जिल्ला कानूनी सहायता अधिकारी